annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २९१ पृष्ठ ८ | काठमाडौं, सोमबार १२ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष द्वादशी, नेपाल संवत् ११४५ | MONDAY, FEBRUARY 24, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

# बजेट बाँड्दा बेथिति : न नीति, न थिति

**मुलुकमा तीनै तहका सरकारलाई विकास निर्माणको संवैधानिक अधिकार छ । अर्थात्, बजेट बनाउने, वितरण गर्ने र जनताका अपेक्षा पूरा गर्ने जिम्मेवारी छ । तर, जनताका माग एकातिर, बजेट अर्कैतिर पार्ने संस्कारले न विकास र समृद्धिमा योगदान पुऱ्याएको छ, न त जनताका अपेक्षा नै पूरा भएका छन् । अचम्मलाग्दो त, तथ्य तथ्यांकले मागेका आयोजनामा बजेट विनियोजन नै हुँदैन । सरकारी ढुकुटीको चाबी हातमा हुनेहरूले बजेट निर्माणमा 'आफ्नो हात जगन्नाथ' गरिरहेका छन् । यही प्रवृत्ति कायम रहिरहे मुठ्ठीभर शासकहरूको रजाइँ चलिरहनेछ । आम जनताको अवस्था भने जस्ताको तस्तै रहिरहनेछ ।**

समाचार पृष्ठ २

केशरराज क्षेत्री | *बुटवल*

– को रिपोर्ट

**बजेट नहुँदा अलपत्र परेको झिमरुक गाउँपालिका-४ बांगेस्थित दीपेन्द्र प्राविको भवन । कक्षा कोठा नभएपछि बालबालिका खुला आकाशमुनि पढ्न बाध्य छन् ।** ● केशरराज क्षेत्री

यी हुन् पालिकास्तरमा बजेट निर्माणका ७ चरण :

1. बस्तीस्तरमा योजना संकलन
2. वडाभेला
3. वडाबाट प्राथमिकीकरण
4. छानिएका योजनाहरूको वडा समितिबाट निर्णय
5. कार्यपालिकाबाट निर्णय
6. नगरसभाबाट पारित
7. रातो किताबमा प्रकाशित र कार्यान्वयन

## रूसको कब्जामा ३ खर्ब ५० अर्ब डलर बराबरको युक्रेनी महत्वपूर्ण स्रोत



**काठमाडौं** (एजेन्सी): रूसले कब्जा गरेका क्षेत्रहरूमा करिब ३ खर्ब ५० अर्ब डलर बराबरको युक्रेनको महत्वपूर्ण स्रोतहरू रहेको युक्रेनी अधिकारीहरूले आइतबार बताएका छन्। यस्तो बेला वासिङ्टनले देशको स्रोत आधारमा प्राथमिक पहुँच सुनिश्चित गर्न सम्झौताका लागि दबाब दिइरहेको छ।

किएभले राष्ट्रपति जो बाइडेनको कार्यकालमा प्रदान गरिएको सहयोगको क्षतिपूर्तिका रूपमा युक्रेनका स्रोतहरू प्रयोग गर्नुपर्ने राष्ट्रपति डोनाल्ड ट्रम्पको मागलाई अस्वीकार गरिरहेको छ। तर, युक्रेनको स्रोत आधारको ठूलो भाग यसको औद्योगिक पूर्वी डोनबास क्षेत्रमा छ र त्यहाँ रूसले क्षेत्र कब्जा गरेको छ र अझै अघि बढिरहेको छ। 'दुर्भाग्यवश, अस्थायी रूपमा कब्जा गरिएको क्षेत्रमा करिब ३ खर्ब ५० अर्ब डलर मूल्यका यी उपयोगी सामग्रीहरू छन् भन्ने जानकारी हामीसँग छ', उपप्रधानमन्त्री युलिया स्विरिडेन्काले किएभमा पत्रकार सम्मेलनमा भने।

उनका अनुसार भण्डारहरूको केही तथ्यांकहरू 'पुरानो' भए पनि यो अनुमान भूगर्भीय सर्वेक्षण र खुला स्रोत तथ्यांकमा आधारित छ। राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले लिथियम, टाइटेनियम, युरेनियम र दुर्लभ पृथ्वी धातुहरू जस्ता महत्वपूर्ण स्रोतहरूमा पहुँचको साटो ट्रम्पबाट ठोस सुरक्षा ग्यारेन्टी छन्।

तिनीहरू इलेक्ट्रोनिक्स उत्पादनका लागि महत्वपूर्ण छन्। ट्रम्प र उनका सहयोगीहरूले सम्झौतामा हस्ताक्षर गर्न जेलेन्स्कीको अनिच्छाप्रति असन्तुष्टि व्यक्त गरेका छन्। युक्रेनको एक स्रोतले शनिबार एएफपीलाई बताएअनुसार युक्रेनी नेता हालको अमेरिकी मागहरूमा सहमत हुन तयार छैनन्। उनका चिफ अफ स्टाफ एन्ड्री यर्माकले आइतबार वार्ता 'सामान्य' शैलीमा अघि बढिरहेको बताए।

# बीपी राजमार्गको सुरु नै भएन पुनर्निर्माण, स्थानीयमा त्रास

**राजन गाउँले** | *सिन्धुली*



बाढी र पहिरोले ध्वस्त भएको बीपी राजमार्गको (बनेपा-सिन्धुली-बर्दिबास) खण्डको पुनर्निर्माण अझै सुरु भएको छैन। असोज ११ र १२ गते रोशी खोला र सुनकोशी नदीमा आएको बाढी र पहिरोले ध्वस्त बनाएको पाँच महिना पुग्दा समेत राजमार्गको खुर्कोट-धुलिखेल खण्ड पुनर्निर्माण सुरु हुन नसकेको हो।

राजमार्गको पुनर्निर्माणका लागि बजेटको सुनिश्चितता नहुँदा ढिलाइ भएको बताइएको छ।

सो सडक पुनर्निर्माणका लागि करिब १० अर्ब रुपैयाँ लागत लाग्ने प्राविधिक अध्ययनले देखाएको छ। बीपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्धस्थित चौकीडाँडाबाट रोशी गाउँपालिकाको कालढुंगासम्म १२ किलोमिटर सडकखण्डमध्ये ८ किलोमिटर सडकमा पूर्णरूपमा क्षति पुगेको थियो। यस्तै सिन्धुलीको नेपालथोकदेखि आँपघारीसम्म सडक क्षति भएको छ।

बाढी र पहिरोले ध्वस्त राजमार्ग अस्थायी ट्र्याक र डाइभर्सन निर्माण गरेर कष्टकर यातायात सञ्चालन गरिएको छ। समयमा राजमार्ग पुनर्निर्माण सुरु नहुँदा र स्थायी ट्र्याक निर्माण नगर्ने हो भने आगामी बर्खाको समयमा राजमार्ग पूर्णरूपमा ठप्प हुने स्थानीयको चिन्ता छ।

सिन्धुलीका सांसद राजन दाहालले राजमार्गको खुर्कोट-नेपालथोक र नेपालथोक-भकुण्डेबेंसी खण्ड तत्काल पुनर्निर्माण थाल्न सरकारसँग माग गरेका छन्। 'राजमार्ग ध्वस्त भएको पाँच महिना पुग्दासमेत सरकारले पुनर्निर्माणको काम थाल्न सकेको छैन। अहिले नै राजमार्गको पुनर्निर्माणको काम थालेर स्थायी ट्र्याक निर्माण नगर्ने हो भने आगामी वर्षामा राजमार्ग पूर्णरूपमा ठप्प हुने अवस्था आउँछ,' उनले भने।

पूर्वी नेपाल तथा मध्य तराईबाट संघीय राजधानी काठमाडौं आवतजावत गर्ने सबैभन्दा छोटो दूरीको बीपी राजमार्गमा दैनिक १० हजार बढी साना ठूला सवारी सञ्चालन हुने गरेका छन्। आगामी बर्खामा राजमार्ग सञ्चालन गर्न तत्काल पुनर्निर्माण गर्नुपर्ने र त्यसो नभए स्थायी डाइभर्सन बनाउनुपर्ने सांसद दाहालको भनाइ छ। सत्तासीन कांग्रेसका प्रमुख सचेतक तथा सिन्धुली प्रतिनिधिसभा १ का सांसद श्यामकुमार घिमिरेले बीपी राजमार्ग तत्काल पुनर्निर्माण थाल्नुपर्ने बताए।

उनले बजेटको सुनिश्चित गर्दै राजमार्ग पुनर्निर्माण तत्काल थाल्न केही दिनअघि सिन्धुलीमाढीमा आयोजित एक कार्यक्रममा सहभागी गृहमन्त्री रमेश लेखकको समेत ध्यानाकर्षण गराएका थिए।

गत मंगलबार अर्थ मन्त्रालयले बीपी राजमार्ग पुनर्निर्माणका लागि ८ अर्ब ५० करोड रुपैयाँको स्रोत सहमति दिएको जनाइएको थियो। तर, राजमार्गको पुनर्निर्माणको प्रक्रिया अघि बढाउन ढिलाइ भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ। राजमार्गको पुनर्निर्माणमा सरकारले जापान सरकारसँग सहयोगका लागि आग्रह गरेको छ। राजमार्गको भत्किएको खण्ड पुनर्निर्माणका विषयमा जापान सरकारको अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले गत कात्तिक दोस्रो साता अध्ययन गरेको थियो। राजमार्ग पुनर्निर्माणमा जाइका सकारात्मक देखिए पनि कुनै निर्णय दिएको छैन। जापान सरकारको निर्णयपछि मात्र राजमार्गको स्थायी पुनर्निर्माणका लागि ठेक्का आह्वान हुने सडक विभाग स्रोतले बताएको छ।

हाल राजमार्गको रोशी खोलाको बगरै बगर अस्थायी ट्र्याक निर्माण गरेर यातायात सञ्चालन गरिएको छ। १ सय ६० किलोमिटर दूरी रहेको राजमार्गमा यात्रा गर्न यस अघि करिब चार घण्टा लाग्ने गरेकोमा अस्थायी ट्र्याकमा अहिले ८ घण्टाबढी समय लाग्ने गरेको छ। अस्थायी ट्र्याकमा घण्टौं जाम र धुलोको सास्ती व्यहोर्नु पर्ने यातायात व्यवसायी दीपेन्द्र कार्की बताउँछन्।

» बाँकी पृष्ठ ६






सोमबारको अनुमानित अधिकतम र न्यूनतम तापक्रम (सेल्सियसमा)

| | | |
|---|---|---|
| धनगढी | ३०° | १०° |
| जुम्ला | १८° | -३° |
| पोखरा | २४° | ८° |
| भैरहवा | २९° | ११° |
| काठमाडौं | २२° | ७° |
| जनकपुर | ३०° | १२° |
| विराटनगर | २८° | १४° |


*स्रोत: जल तथा मौसम विज्ञान विभाग*

# पानी नपर्दा बढ्यो वायु प्रदूषण, बढी प्रदूषितमा पोखरा

**सुनिता कार्की** | *काठमाडौं*

पर्यटकीय राजधानी पोखरामा आइतबार वायुको गुणस्तर खतरनाक तहमा पुग्यो। आइतबार दिनभरि नै पोखराको वायुको गुणस्तर सूचांक (एक्यूआई) ४ सयको हाराहारीमा रह्यो। गण्डकी बोर्डिङमा रहेको हावामापन यन्त्रले प्रतिघण्टा मापन गरेको पोखराको वायुसूचकांक ४ सय हाराहारीमा देखाएको वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागका वातावरण निरीक्षक गोविन्द लामिछानेले जानकारी दिए।

विगत केही दिनदेखि पोखराको वायुको गुणस्तर खतरनाक तहमा पुगेको उनको भनाइ छ। फागुन लागेदेखि नै पोखराको वायु प्रदूषण उच्च देखिएको लामिछानेले जानकारी दिए। विगत २४ घण्टामा पनि पोखराको वायुप्रदूषण १५० भन्दा माथिको तहमा पुगेको थियो।




वातावरण विभागका अनुसार वायु गुणस्तर सूचकांक ०-५० हुँदा राम्रो, ५१-१०० मध्यम, १०१-१५० संवेदनशील समूहका लागि अस्वस्थ, १५१-२०० अस्वस्थ्य, २०१-३०० निकै अस्वस्थ तथा ३०१ भन्दा माथि खतरनाक तह पुगेको संकेत गर्दछ। पोखरामा आइतबार वायु प्रदूषण सूचकांक प्रत्येक घण्टाको मापनमा ३ सयदेखि ४ सयको बीचमा पुगेको थियो। पोखरासँगै भरतपुर, भैंसेपाटी, धुलिखेल, शंखपार्क, भक्तपुर, धुलिखेल, खुमलटारको वायुप्रदूषण प्रतिघण्टा १५० भन्दामाथि अस्वस्थ तहमा पुगेको वातावरण विभागको वायु प्रदूषण सूचकांकमा उल्लेख छ। वायुप्रदूषण मापनयन्त्र जडान भएका मध्ये नेपालगन्ज र हेटौंडाको वायुप्रदूषण ५१ देखि १०० को बीच अर्थात् मध्यम तहमा रहेको छ।

काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ ले पनि नेपाल सरकारले निर्धारण गरेको एक्यूआईको मापन ३ सयभन्दा बढी भएको अवस्थालाई विपद्का रूपमा लिने उल्लेख गरेको छ। आइक्यू एयरका अनुसार विश्वमा वायु प्रदूषणका कारण बर्सेनि करिब ७० लाख मानिसको ज्यान जाने गरेको छ।

मुलुकमा मंसिरदेखि जेठ महिनासम्म वायु प्रदूषण उच्च हुने गरेको पाइन्छ। विगत केही हप्तादेखि तराई क्षेत्रलगायत काठमाडौं उपत्यकामा वायु प्रदूषण बढेको विभागले जनाएको छ। नेपालमा वायु प्रदूषणको मुख्य कारक उद्योग कलकारखाना र सवारी साधनबाट निष्कासन हुने धुवाँ, वन डढेलो, खुला रूपमा फोहोर तथा कृषिजन्य अवशेष, घरबाट निस्कने धुवाँ, सडक तथा निर्माण कार्यहरूबाट उड्ने धुलोसँगै आयातित कारण पनि रहेको वातावरण निरीक्षक लामिछाने बताउँछन्।

» बाँकी पृष्ठ ६